आज मिति २०७६।९।११ गते यस सरुमारानी गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्माको अध्यक्षतामा तपशिल वमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको ५४ औ वैठक वसि तपसिल वमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति:

| क.स. | नाम थर, पद | हस्ताक्षर |
|---|---|---|
| १ | श्री झग बहादुर विश्वकर्मा (अध्यक्ष) | |
| २ | श्री मिना कुमारी सोमै मगर (उपाध्यक्ष) | |
| ३ | श्री बसन्त बहादुर जि.सी. (वडा अध्यक्ष, २ नं. वडा) | |
| ४ | श्री चिन्त बहादुर सोमै मगर (वडा अध्यक्ष, ४ नं. वडा) | |
| ५ | श्री भिम बहादुर मर्सांगी मगर (वडा अध्यक्ष, ३ नं. वडा) | |
| ६ | श्री तुल बहादुर रोका मगर (वडा अध्यक्ष, ६ नं. वडा) | |
| ७ | श्री मुकुन्दराज शर्मा (वडा अध्यक्ष, १ नं. वडा) | |
| ८ | श्री सन्त बहादुर वराल मगर (वडा अध्यक्ष, ५ नं. वडा) | अनुपस्थित |
| ९ | श्री मोहम्मद हलिम हलुवाई (कार्यपालिका सदस्य) | |
| १० | श्री टंक प्रसाद सुनार (कार्यपालिका सदस्य) | |
| ११ | श्री सुशिला के.एम. (कार्यपालिका सदस्य) | |
| १२ | श्री चन्द्रिमा थापा मगर (कार्यपालिका सदस्य) | चन्द्रीमा |
| १३ | श्री जिवा सुनार (कार्यपालिका सदस्य) | जिवा सुनार |
| १४ | श्री खिमा सुवेदी (कार्यपालिका सदस्य) | खिमा |
| १५ | श्री अमर बहादुर घर्ती (सचिव) | |

अन्य उपस्थिति:

| क.स. | नाम थर, पद | हस्ताक्षर |
|---|---|---|
| १ | श्री लक्ष्मण आचार्य अधिकृत छैठौं | |
| २ | श्री सिधनिर्मल पाण्डे | |
| ३ | श्री गोविन्द पाउेल इ.म.स.पि. | |

Scanned with CamScanner

गाउँपालिका अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

मिति २०७६।९।११ गते ५५ औ कार्यपालिका बैठकमा प्रस्तावहरु

१) आर्थिक सहायता सम्बन्धमा।

२) समपुरक तथा बिशेष अनुदान कार्यक्रम सम्बन्धमा।

३) गाउँपालिकाको संगठन संरचना सम्बन्धमा ।

४) बडा कार्यालय दरबन्दी स्वीकृत सम्बन्धमा ।

५) मेडपा कार्यक्रमको वडा छनौट सम्बन्धमा ।

६) सडक मर्मतसम्बन्धमा ।

७) सामुदायिक वन साझेदारी कार्यक्रम सम्बन्धमा ।

८) वास योजनाको लागी मोवाईल एप्लीकेशन सम्बन्धमा ।

९) योजनाहरुको म्याद थप सम्बन्धमा ।

१०) ढुंगा निकासी सम्बन्धमा ।

११) सार्बजनिक विदा सम्बन्धमा ।

१२) पर्यटन प्रर्बद्धन समिति गठन सम्बन्धमा ।

१३) शिक्षा तर्फको शर्सत अनुदानको भौतिक पूर्वाधार योजना सम्बन्धमा ।

१४) विपद व्यवस्थापन कोषको वजेट सम्बन्धमा ।

१५) न्यायसेवा संचालन र व्यबस्थापन बजेट सम्बन्धमा ।

१६) योजना तथा कार्यक्रम बजेट शंसोधन सम्बन्धमा ।

१७) विपत प्रतिकार्ययोजना निर्माण सम्बन्धमा ।

१८) स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम सम्बन्धमा ।

१९) आधारभुत स्वास्थ्य सेवा केन्द्र स्थापना छनौट, कर्मचारी व्यबस्थापन र भवन निर्माण सम्बन्धमा ।

२०) खानेपानी आयोजनामा थप रकम माग सम्बन्धमा ।

खड्ग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

उमरबहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको कार्यालय
५ नं. प्रदेश, नेपाल
२०७३

बैठक संख्या ५५

मिति २०७६ पौष ११ गते गाउँपालिकाका अध्यक्ष श्री भग बहादुर विश्वकर्माज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा प्रस्तुत प्रस्तावहरुमाथि छलफल गरी सर्वसहमती देहायबमोजिमका निर्णयहरु गरियो ।

निर्णय नं. १:आर्थिक सहायता सम्बन्धमा ।

देहायका संस्था र व्यक्तिलाई तपशिल बमोजिमको शिर्षकको निम्न वमोजिम आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

| क्र सं. | व्यक्ति, संस्थाको नाम र ठेगाना | रकम | रकम खर्च हुने शिर्षक |
|---|---|---|---|
| १ | चेतमान दर्लामी वडा नं ५ | १०,००० | विपद व्यबस्थापन कोष |

निर्णय नं. २) समपुरक तथा बिशेष अनुदान कार्यक्रम सम्बन्धमा।

राष्ट्रिय योजना आयोगको मिति २०७६।९।२ गते प्रकाशित सूचना अनुसार आर्थिक बर्ष २०७७।०७८ को लागी समपुरक तथा विशेष अनुदान कार्यक्रमको लागी तपशिल बमोजिमका योजनाहरु छनौट गरी योजना/कार्यक्रम पेश गर्ने निर्णय गरियो ।

तपशिल

क) विशेष अनुदान

| सि.न | योजना/कार्यक्रमको नाम | ठेगना | अनुमानित बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १ | शैक्षिक गुणस्तर सुधार तथा कक्षा स्तरउन्नती कार्यक्रम | सरुमारानी गा.पा.विधालयहरु | ५,०४,८०,००० | |
| २ | विपन्न समुदाय उत्थान कार्यक्रम | सरुमारानी गाउँपालिका भित्र | १,४५,००,००० | |

ख) समपुरक अनुदान

| सि.न | योजना/कार्यक्रमको नाम | ठेगना | माग गरिएको रकम रु | स्थानीय तहको लगानी रु. | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ऐरावती बड्डाडा पुठाखोला दाङ्ग मो.बा. | वडा नं ३,४,५,र बंगालाचुली | ३,००,००,००० | ३,००,००,००० | ६,००,००,००० | |

Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कालोपत्रे योजना | गा.पा.दाङ्ग | | | | |
| २ | नर्सरी आटीटार साना किसान मोटरबाटो कालेपत्रेयोजना | वडा न. १ | १,००,००,००० | १,००,००,००० | २,००,००,००० | |
| ३ | स्वर्गद्वारी गेट गनाहा दाङ्ग मो.वा. कालोपत्रे योजना | वडा नं २ | १,००,००,००० | १,००,००,००० | २,००,००,००० | |
| | जम्मा | | ५,००,००,००० | ५,००,००,००० | १०,००,००,००० | |

**निर्णय नं. ३) गाउँपालिकाको संगठन संरचना सम्बन्धमा ।**

नेपाल सरकारबाट यस सरुमारानी गाउँपालिकाको लागी स्वीकृत दरबन्दी अनुसार समायोजन भई आएका र लोकसेवाबाट सिफारिस भई आएका स्थायी कर्मचारीहरु र गाउँपालिकाको तर्फबाट करारमा नियुक्ति गरिएका कर्मचारीहरुको व्यवस्थापनको लागी तपशिल बमोजिमको शाखा, उपशाखा ईकाइ भएको संगठन संरचना स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

| | |
|---|---|
| | **संगठनात्मक संरचना** |
| | **कार्यालय प्रमुख, प्रमुख प्रशासकिय अधिकृत ( रा.प.तृतिय)** |
| | **शाखागत विवरण** |
| १ | **प्रशासन, योजना तथा अनुगमन शाखा** |
| | प्रशासन तथा योजना अधिकृत, अधिकृत स्तर छैठौ-१ ( प्रशासन) |
| १.१ | **प्रशासन उपशाखा** |
| | कम्प्यूटर अप्रेटर सहायक स्तर पाचौ १ |
| | नगर प्रहरीहरु ५ जना ( करार) |
| | सवारी चालक १ जना (करार) |
| | कार्यालय सहयोगीहरु ४ जना ( १ स्थायी, ३ करार) |
| १.२ | **खरिद/जिन्सी ईकाई** |
| | सहायक, सहायक स्तर पाचौ तह १ |
| १.३ | **राजश्व ईकाइ** |

गाउँपालिका अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | |
|---|---|
| | सहायक, सहायक स्तर पाचौ तह १ |
| १.४ | योजना तथा अनुगमन उपशाखा |
| | सहायक, सहायक स्तर पाचौ तह १ |
| १.५ | दर्ता चलानी ईकाइ. |
| | सहायक स्तर चौथौ १ ( करार) |
| १.६ | वडा कार्यालयहरु |
| | सहायक, सहायक स्तर पाचौ तह २ ( प्रशासन) |
| | स.ई, सहायक स्तर पाचौ २ ( प्राविधिक) |
| | सहायक, सहायक स्तर चौथौ ४ ( प्रशासन) |
| | अ.स.इ, सहायक स्तर चौथौ ४ ( प्राविधिक) |
| | प्रशासन सहायक ६ जना (करार) |
| | कार्यालय सहयोगीहरु ६ जना ( करार) |
| २ | **पूर्वाधार विकास शाखा** |
| | इन्जिनियर (सिभिल) अधिकृत स्तर छैठौ १ |
| २.१ | **सडक तथा अन्य पूर्वाधार विकास ईकाइ** |
| | सव ईन्जीनियर सहायक स्तर पाचौ तह १ |
| २.२ | **भवन तथा वस्ती विकास ईकाइ** |
| | अ. सव ईन्जीनियर सहायक स्तर चौथौ १ |
| २.३ | **खानेपानी तथा सरसफाई स्वच्छता (वास)ईकाइ** |
| | खा.पा.स.टे सहायक स्तर चौथो तह १ |
| | वास संयोजक १ जना (करार) |
| ३ | **सामाजिक विकास तथा कार्यक्रम समन्वय शाखा** |
| | सामाजिक विकास अधिकृत, अधिकृत स्तर छैठौ–१ ( प्रशासन) |
| | सहायक, सहायक स्तर पाचौ १ ( प्रशासन) |
| | एम.आई.एस. अप्रेटर १ ( करार) र फिल्ड सहायक २ (करार) |
| ३.१ | कानुन, न्याय तथा मानव अधिकार प्रवर्द्धन ईकाइ |
| ३.२ | लक्षित वर्ग र कार्यक्रम व्यवस्थापन ईकाइ |

गाउँपालिका अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाको कार्यालय

२०७३

Scanned with CamScanner

| | |
|---|---|
| ३.३ | वन वाताबरण तथा विपद ब्यवस्थापन ईकाइ |
| ३.४ | सहकारी, गैर सरकारी तथा संघ सस्था परिचालन ईकाइ |
| ३.५ | संस्कृति, पर्यटन र उद्योग ब्यवसाय प्रवर्द्धन ईकाइ |
| ३.६ | सामाजिक सुरक्षा तथा पन्जिकरण ईकाइ/सेवा केन्द्र |
| ३.७ | रोजगारी प्रवर्द्धन तथा गरिवी न्यूनीकरण ईकाइ /रोजगार सेवा केन्द्र |
| | रोजगार संयोजक १ ( करार) |
| ३.२ | महिला, वालवालिका तथा समाज कल्याण ईकाइ |
| | सहायक महिला विकास निरिक्षक, सहायक स्तर चौथा तह १ |
| ४ | स्वास्थ्य शाखा |
| | हे.अ., अधिकृत स्तर छैठौ तह-१ |
| | नर्सिङ. अधिकृत छैठौ तह-१ |
| | स्वास्थ्य चौकी र स्वास्थ्य संस्थाहरु, आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु |
| ५ | शिक्षा,युवा तथा खेलकुद विकास शाखा |
| | शिक्षा अधिकृत, अधिकृत स्तर छैठौ-१ |
| | प्राविधिक सहायक, सहायक स्तर पाचौ |
| | स्रोत व्यक्ति १ जना ( करार/ज्यालादारी) |
| | सवै विधालयहरु, वाल विकास केन्द्र, सामुदायिक सिकाई अध्ययन केन्द्र |
| | युवा तथा खेलकुद विकास समिति |
| ६ | आर्थिक प्रशासन शाखा |
| | लेखा अधिकृत अधिकृत स्तर छैठौ १ |
| | लेखापाल सहायक स्तर पाचौ १ |
| ७ | कृषि विकास शाखा |
| | कृषि अधिकृत, अधिकृत स्तर छैठौ/सातौ १ |
| | सहायक स्तर पाचौ ( कृषि सेवा) २ |
| | सहायक स्तर चौथो ( कृषि सेवा) १ |
| | एक गाउँ एक कृषि प्राविधिक(कृषि) १ जना ( करार) |
| | कार्यालय सहयोगी श्रेणी विहिन १ ( करार) |

गाउँपालिका अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

अमरबहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

| | |
|---|---|
| ८ | **पशु विकाश शाखा** |
| | पशु चिकित्सक, अधिकृत स्तर सातौ १ |
| | सहायक स्तर पाचौ ( भेट/लापोडेडो) २ |
| | सहायक स्तर चौथो( भेट/लापोडेडो) २ |
| | एक गाउँ एक कृषि प्राविधिक(भेट) २ जना ( करार) |
| | कार्यालय सहयोगी श्रेणी विहिन १ ( करार) |
| ९ | **आन्तरीक लेखा परिक्षण शाखा** |
| | आन्तरीक लेखा परिक्षक,सहायक स्तर पाचौ १ |
| १० | **सूचना प्रविधि शाखा** |
| | सूचना प्रविधि अधिकृत १ (करार) |

**निर्णय नं. ४) वडा कार्यालय दरबन्दी स्वीकृत सम्बन्धमा ।**

नेपाल सरकारवाट स्वीकृत वडा कार्यालय तर्फको दरबन्दी अनुसार यस सरुमारानी गाउँपालिकाको ६ वटा वडा मध्ये २ वटा वडामा सहायक स्तर पाचौ तहको र ४ वटा वडाहरुमा सहायक स्तरको चौथो स्तरको दरवन्दी रहेकोले वडा नं २ र ४ वडामा सहायक स्तर पाचौ तहको दरवन्दी र बाकी वडामा सहायक स्तरको दरवन्दी कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५) मेडपा कार्यक्रमको वडा छनौट सम्बन्धमा ।**

चालु आ.व. २०७६।०७७ मा यस गाउँपालिकामा घरेलु तथा साना उधोग विकास समिति/महिला सहयोग मन्च मार्फत संचालन हुने मेडपा कार्यक्रमको लागी वडा नं ६ र वडा नं ४ को छतिवन र सिरुवारी बस्ती छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६) मर्मत संभार योजना सम्बन्धमा ।**

मर्मत संभार कोष शिर्षकवाट तपशिलका योजनामा बजेट विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न. | योजनाको नाम | विनियोजना बजेट | कैफियत |
|---|---|---|---|
| १ | बड्डाडा उपल्लो बजार सडक तथा नाली मर्मत | ८०,००० | |
| २ | बागेशाल कास्कोट मो बा. मर्मत | ५०,००० | |

झग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

अमरबहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा, प्युठान
५ नं. प्रदेश, नेपाल
२०७३

Scanned with CamScanner

अंग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

अमरबहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ७) सामुदायिक वन साझेदारी कार्यक्रम सम्बन्धमा ।**

चालु आर्थिक बर्ष २०७६।०७७ को बार्षिक स्वीकृत कार्यक्रम अर्न्तगत सामुदायिक वनसंग साझेदारी कार्यक्रममा विनियोजन भएको रु २०,००,००० बाट ५०/५० प्रतिशत लागत साझेदारीमा सामुदायिक वन समूह संग तपशिलका योजना तथा कार्यक्रमहरुकार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न. | सामुदायिक वनको नाम | योजना/कार्यक्रमको नाम | गा.पा. बाट विनियोजन बजेट रु. | सामुदायिक वनबाट रु. | जम्मा |
|---|---|---|---|---|---|
| १ | झिलिवाङ्ग सा.व. उ.स. वडा नं १ | झिलिवाङ्ग खानेपानी योजना | १,५०,००० | १,५०,००० | ३,००,००० |
| २ | धुलेखार सा.व.उ.स. वडा नं २ | दर्भानचोक झोपु मोटरवाटो स्तरउन्नती | ३,००,००० | ३,००,००० | ६,००,००० |
| ३ | डोणखोली सा.ब. उ.स. वडा नं २ | सिचाईकुलो | १,००,००० | १,००,००० | २,००,००० |
| ४ | गनाहा र चरिङ्गे सा.व.उ.स वडा नं २ | पैदल पुल निर्माण | ३,५०,००० | ३,५०,००० | ७,००,००० |
| ५ | ऐरावती सा.व. उ.स. वडा नं ३ | सामुदायिक भवन निर्माण | ३,५०,००० | ३,५०,००० | ७,००,००० |
| ६ | जसपुर सा.ब.उ.स. वडा नं ५ | जसपुर छविसे करमवास रत्ने मो.वा. निर्माण | २,००,००० | २,००,००० | ४,००,००० |
| ७ | राङ्गवाङ्ग सा.व. उ.स. वडा नं ५ | सुवाखोला मो.वा. निर्माण | ३,५०,००० | ३,५०,००० | ७,००,००० |
| | | जम्मा | १८,००,००० | १८,००,००० | ३६,००,०० |

**निर्णय नं. ८) वास योजनाको लागी मोवाईल एप्लीकेशन सम्बन्धमा ।**

यस गाउँपालिकाको वास योजना निर्माणको लागी तथ्यांक, सूचना संचालन गर्न भौतिक पूर्बाधार विकास मंत्रालय प्रदेश नं ५ बाट तयार गरिएको एम वाटर ( M-Water)एप्लीकेसन प्रयोग गर्ने निर्णय गरियो ।

अंग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

अमरबहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
५ प्रदेश, नेपाल
२०७३

Scanned with CamScanner

भृग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

अमरबहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ९) योजनाहरुको म्याद थप सम्बन्धमा ।**

गत आर्थिक बर्ष देखि संचालनमा रहेका तपशिलका योजनाहरुको संझौता अवधि(म्याद) समाप्त भएकोले म्याद समाप्त भएको मितिबाट अन्तिम पटकको लागी संझौता अवधि थप गर्ने निर्णय गरियो ।

| सि.नं | योजनाको नाम ठेगना | म्याद थप गरिएको अवधि |
|---|---|---|
| १ | हंशपुर बृहत खानेपानी योजना निर्माण वडा न. ३ | २०७६।१२।३० सम्म |
| २ | सरस्वती मा.वि.बागेशल( नमुना विधालय सुधार गुरु योजना) वडा नं १ | २०७६।१०।३० सम्म |

**निर्णय नं.१०) ढुंगा निकासी सम्बन्धमा ।**

सरुमारानी गाउँपालिका वडा नं २ बस्ने कृष्ण बहादुर भुसालको भुल्केमा रहेको कि.न. १६०२ को क्षे. ०,५५९६-०० र सोही स्थानमा रहेको शर्मा कुमारी थापाको सि.न. ६३२,१६२३, र १६२६ को ३-१५-३-२, ०,१०१७-०० र ०,२५४४-० ठाउमा रहेको निजि जग्गाहरु सम्माउने क्रममा उत्खनन गर्दा निस्किएका ढुंगाहरु अन्यत्र लैजानको लागी निकासी प्रकृया अगाडी बढाई पाउँ भनी निजहरुबाट दिएको निबेदन माथी छलफल गर्दा उक्त निजि जग्गाबाट उत्खनन भएको ढुंगा निकासीको लागी यस गाउँपालिकाको प्राविधिक टोलीबाट चेकजाच गरी ठहर भएको प्रतिवेदन अनुसारको परिमाणमा ५ नं प्रदेश सरकारकाट ढुंगा गिटि वालुवाको निकासी राजश्वदर अनुसार राजश्व लिई ढुंगा निकासीको लागी अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं.११) सार्बजनिक विदा सम्बन्धमा ।**

मिति २०७६।९।१५ गते तमु ल्होछार पर्ब परेकोले सो दिन सरुमारानी गाउँपालिका क्षेत्रभित्र सार्वजनिक विदा दिने निर्णय गरियो ।

**निर्णय नं.१२) पर्यटन प्रर्बदन समिति गठन सम्बन्धमा ।**

उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय प्रदेश नं ५ बुटवलको मिति २०७६।८।१२ च..न. ११७८ को पर्यटन प्रबर्द्धन समिति गठन सम्बन्धी पत्र अनुसार यस सरुमारानी गाउँपालिका स्तरीय तपशिल बमोजिमको नेपाल भ्रमण बर्ष २०२०, पर्यटन प्रबर्द्धन समिति गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

| सि.न. | पद | नामथर | प्रतिनिधित्व संस्था | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री भृग बहादुर विश्वकर्मा | गाउँपालिका अध्यक्ष | |

भृग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

अमरबहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ब्यङ्ग्रा, प्युठान
५ नं. प्रदेश, नेपाल

Scanned with CamScanner

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| २ | सदस्य | श्री बसन्त बहादुर जि.सी. | वडा अध्यक्ष वडा नं २ | |
| ३ | सदस्य | श्री भुमा आचार्य | पर्यटन विकासमा योगदान पुराउने स्थानीय व्यक्तिहरु | महिलावडा नं ४ |
| ४ | सदस्य | श्री चारु मर्साई | ,, | ,, वडा नं १ |
| ५ | सदस्य | श्री रुक बहादुर पुन | ,, | ,, वडा नं ६ |
| ६ | सदस्य | श्री शेर बहादुर सोमै | ,, | ,, वडा नं ३ |
| ७ | सदस्य | श्री कुल बहादुर दर्लामी | ,, | ,, वडा नं ५ |
| ८ | सदस्य | श्री | उधोग ब्यबसायिकको प्रतिनिधि | पत्र अनुसार |
| ९ | सदस्य | श्री टुकमान एम.सी. | होटल ब्यवसायिको प्रतिनिधि | |
| १० | सदस्य | श्री सलिम अन्सारी | स्थानीय पत्रकार | |
| ११ | सदस्य सचिव | श्री अमर बहादुर घर्ती | प्रमुख प्रशासकिय अधिकृत | |

**निर्णय नं.१३) शिक्षा तर्फको सर्शत अनुदानको भौतिक पूर्वाधार योजना सम्बन्धमा ।**

सरुमारानी गाउँपालिकाको शर्सत अनुदान तर्फको विधालय भौतिक पूर्वाधार योजना अर्न्तगत तपशिलका योजना संचालन गर्ने निर्णय गरियो ।

तपशिल

| सि.नं | योजनाको नाम | विनियोजन बजेट रु | कैफियत |
|---|---|---|---|
| १ | खड्केश्वरी मा.विं. भवन निर्माण (४ कोठ) | ३२,००,००० | वडा नं २ |
| २ | ने.रा. आ.वि. हंशपुर भवन निर्माण(४ कोठे) | ३२,००,००० | वडा न.३ |
| ३ | श्रमरानी मा.वि. वास शौचालय निर्माण | ७,००,००० | वडा नं ६ |
| ४ | सत्य मा.वि. देदेरी वास शौचालय निर्माण | ७,००,००० | वडा नं २ |
| ५ | सरस्वती मा.वि. बागेशाल वडा न. २ | १,५०,००,००० | नमुना विधालय |

**निर्णय नं.१४. विपद ब्यवस्थापन कोषको बजेट सम्बन्धमा ।**

यस गाउँपालिकाको चालु आ.ब. २०७६।०७७ को विपद व्यबस्थापन कोष शिर्षकबाट निम्न योजना तथा कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

तपशिल

| सि.नं | योजना कार्यक्रमको नाम | ठेगना | विनियोजन रकम | कैफियत |
|---|---|---|---|---|
| १ | बहुउद्धेश्यीय हल भुक्षय रोकथाम योजना | वडा नं ४ | ३,००,००० | |
| २ | चौकी ढाड मो.वा. मर्मत | वडा नं २ | ५०,००० | |
| ३ | वड्डाडा बजार स्थित मुस्लीम समुदायको | वडा नं ४ | २५,००० | |

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्युठान
५ नं. प्रदेश, नेपाल
२०७३

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | धार्मीक सास्कृतिक शिक्षाको लागी | | | |
| | जम्मा | | ३,७५,००० | |

**निर्णय नं.१५. न्याय सेवा संचालन र व्यबस्थापन शिर्षकको बजेट सम्बन्धमा ।**

यस गाउँपालिकाको चालु आ.ब. २०७६।०७७ को न्याय सेवा संचालन र व्यबस्थापन शिर्षकको बजेट तपशिल बमोजिम कार्यन्वयन गर्ने निर्णय गरियो ।

तपशिल

क)माननीय जिल्ला न्यायाधिस, सरकारी वकिल र एक जना अधिबक्ताको समन्वय र सहजकिरणमा मेलमिलाप कर्ताहरुको तालिम संचालन गर्ने ।

ख) मेलमिलाप कर्ताहरुलाई बैठक खाजावापत प्रतिबैठक रु. ३०० का दरले उपलब्ध गराउने ।

**निर्णय नं.१६. योजना तथा कार्यक्रम बजेट संशोधन र रकमान्तर सम्बन्धमा ।**

यस सरुमारानी गाउँपालिकाको चालु आ.ब. २०७६।०७७ को बार्षिक स्वीकृत योजना तथा बजेट कार्यक्रममा निम्नानुसार संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न. | स्वीकृत योजना तथा कार्यक्रम | स्वीकृत बजेट रु. | संशोधीत योजना तथा कार्यक्रमको नाम | संशोधित बजेट रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | वनसंग साझेदारी कार्यक्रम ( विनियोजन २० लाख मध्ये मार्थि नि.न. ७ मा विनियोजन भई बाकी रहेको रु. २ लाख मात्र) | २,००,००० | नेपाल रेडकस सोसाहिटी युवा तथा जुनीयर सर्कलको १६ औ जिल्ला स्तरीय गोष्ठि संचालन गर्न सरस्वती मा.वि. हंशपुरलाई सहयोग | १,००,००० | |
| | | | सशत्र प्रहरी वल, प्यूठानको माग अनुसार पूर्वाधार निर्माण गर्न | १,००,००० | |
| २ | कालीवन मो.वा. कच्चीनाली निर्माण यो. वडा- १ | ५०,००० | कालिवन जगल्टे फोर्सावाङ्ग मो.वा. निर्माण, मर्मत योजना वडा नं १ | १,००,००० | |
| ३ | कालिवन जगल्टे फोर्सावाङ्ग फटके पुल यो. वडा नं - १ | ५०,००० | | | |

**निर्णय नं.१७. विपद प्रतिकार्य योजना सम्बन्धमा ।**

विपद प्रतिकार्य योजना निर्माणका लागी गत आ.ब. २०७५।०७६ देखि प्रारम्भीक छलफल, ३ दिने स्वयंसेवक तालिम सम्पन्न भएकोमा उक्त योजना निर्माण कार्य २०७६ फागुन भित्र सम्पन्न गर्ने निर्णय गरियो।

Scanned with CamScanner

भृग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं.१८) स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम सम्बन्धमा ।**

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अर्न्तगत यस गाउँपालिकामा ३ वटा योजनाको लागी रु. ७०,००,००० विनियोजन गरेकोमा माननयि प्रतिनिधि सभा ज्यूलाई धन्यवाद दिँदै छनौट भएका योजनाहरु उपभोक्ता समिति मार्फत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९) आधारभुत स्वास्थ्य सेवा केन्द्र स्थापना/ छनौट,कर्मचारी व्यबस्थापन र भवन निर्माण सम्बन्धमा ।**

स्वास्थ्य संस्था नभएका वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा संचालनको लागी स्वास्थ्य तथा जनसंख्या मंत्रालयको मिति २०७६।८।८ च.न. २०० को पत्र अनुसार तपशिल बमोजिम गर्ने निर्णय गरियो

क)यस सरुमारानी गाउँपालिकाको वडा नं २, ४, ६ मा आधारभुतस्वास्थ्य सेवा केन्द्र निर्माणको लागी Type 2 अनुसारको भवन निर्माण गर्ने र सो भवन निर्माणको आबश्यक पर्ने न्यूनतम ९ आना ( २८६ बर्गमिटर) जग्गा निशुल्क व्यबस्था गर्ने र स्वास्थ्य सेवा केन्द्र तपशिल बमोजिमको स्थानमा राख्ने,

तपशिल

| सि.नं | वडा नं | केन्द्र स्थापना हुने स्थान | कैफियत |
|---|---|---|---|
| १ | २ | सरुमारानी गाउँपालिका वडा नं २ ददेरी | |
| २ | ४ | सरुमारानी गाउँपालिका वडा नं ४ बड्डाडा | |
| ३ | ६ | सरुमारानी गाउँपालिका वडा नं ६ बुढिचौर | |

ख) उक्त स्वास्थ्य सेवा केन्द्रको लागी आधारभूत स्वास्थ्य सेवा प्रबाह गर्न सेवा संचालन खर्च प्रति स्वास्थ्य संस्था रु ५ लाखबाट आवश्यक व्यबस्था मिलाउने र स्वास्थ्य सेवा केन्द्र संचालन गर्नको लागी यस गाउँपालिकाले यस पूर्व नै प्रकृया पुरा गरी नियुक्ति भएका र हाल करारमा कार्यरत तपशिलका कर्मचारीहरुलाई उक्त सेवा केन्द्र संचालन जिम्मेवारी दिने,

तपशिल

| सि.न. | स्वास्थ्य सेवा केन्द्र | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १ | वडा नं २ ददेरी | श्री एक बहादुर हुड्चुङ्ग | अ.हे.व. ( सहायक चौथो) | करार |
| | | श्री विन्दु बस्नेत | अ.न.मी.( सहायक चौथो) | करार |
| | | श्री शारदा पोख्रेल | कार्यालय सहयोगी | करार |
| २ | वड नं ४ बड्डाडा | श्री टंका पौडेल | अ.हे.व. ( सहायक चौथो) | करार |
| | | श्री मालती पाण्डे | अ.न.मी.( सहायक चौथो) | करार |
| | | श्री भुमा खाम्चा | कार्यालय सहयोगी | करार |

भृग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँपालिकाको कार्यालय
बड्डाँडा प्युठान
५ नं. प्रदेश, नेपाल
२०७३

Scanned with CamScanner

गाउँपालिका अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ३ | वडा नं ६ बुढिचौर | श्री ताल बहादुर पुन | अ.हे.व. ( सहायक चौथो) | करार |
| | | श्री शोभा नेपाली | अ.न.मी.( सहायक चौथो) | करार |
| | | श्री संगिता ग्वाङ्ग | कार्यालय सहयोगी | करार |

ग) स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण नियमानुसार टेन्डर प्रकृयाबाट गर्ने ।

**निर्णय नं २०) खानेपानी आयोजनामा थप रकम माग सम्बन्धमा ।**

भौतिक पूर्वाधार विकास मंत्रालय, प्रदेश नं ५ को चालु आ.ब. २०७६।०७७ को लागी खानेपानी तथा सरसफाई योजना अर्न्तगत यस सरुमारानी गाउँपालिकाको क्षेत्र भित्र पर्ने देहायका खानेपानी तथा सरसफाई योजना कार्यान्वयन गर्न थप बजेट आबश्यक देखिएकोले यसै आ..ब मा कार्यान्वयन सम्पन्न हुने गरी थप बजेट ब्यपस्थापनको लागी भौतिक पूर्वाधार विकास मंत्रालय, प्रदेश नं ५ सरकारसंग माग गर्ने निर्णय गरियो ।

तपशिल

| योजना क्र.स. | योजनाको नाम | कैफियत |
|---|---|---|
| ५७५ | हंशपुर खानेपानी योजना, प्यूठान | |
| ५६२ | हंशपुर ६,८ लिफ्ट खा.पा. योजना, प्यूठान | |
| ५६७ | जेमुरे खानेपानी आयोजना, प्यूठान | |
| ५८६ | ढुगेगढि खा.पा. योजना, प्यूठान | |
| ५८१ | तिराम खा.पा. योजना, प्यूठान | |
| ५८५ | बांगेशाल ९ लिफ्ट आ.पा. आयोजना,प्यूठान | |
| ५६९ | बांगेशाल खानेपानी आयोजना, प्यूठान | |

उक्त निर्णयहरु गरी बैठक समापन गरियो ।

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बदुँडाडा प्यूठान ५ नं. प्रदेश, नेपाल २०७३

गाउँपालिका अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति - २०७६/०८/१६

Scanned with CamScanner